कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# बाराही हाइड्रोपावर पब्लिक लि.
# Barahi Hydropower Public Ltd.

रजिष्टर्ड ठेगानाः बबरमहल, काठमाडौं । फोन नं.: ४३७०७७८
E-mail: barahi.hydro@gmail.com, bhpl.acc@gmail.com
Website: www.barahihydropower.com.np

## आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका निमित्त साधारण शेयरको निष्काशन तथा बिक्री खुल्ला अवधि थप गरिएको बारेको सूचना

बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको प्रति शेयर अंकित मूल्य रू.१००/- दरको २,५०,००० कित्ता साधारण शेयरहरू आयोजना प्रभावित क्षेत्र बाग्लुङ्ग जिल्लाको जैमिनी नगरपालिकाको वडा नं १, ४ र ५ साविक कुश्मीसेरा, सर्कुवा, र बिनामारे गा.वि.स.का तथा जैमिनी नगरपालिकाका अन्य वडाहरूका स्थानीय बासिन्दाहरूको निमित्त मिति २०७९ कार्तिक ०४ गतेदेखि मिति २०७९ कार्तिक १८ गते (छिटोमा) सम्म निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा माग बमोजिम दरखास्त प्राप्त नभएको तथा आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूको मागलाई दृष्टिगत गरी यहि **मिति २०७९ कार्तिक २५ गतेसम्म** निष्काशन तथा बिक्री खुल्ला अवधि थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

| दरखास्त दिन पाउने न्यूनतम शेयर संख्याः १० कित्ता | दरखास्त दिन पाउने अधिकतम शेयर संख्याः १०,००० कित्ता |
|---|---|

**विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगानाः**

| सि.नं. | विवरण पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थान : | वेबसाइट |
|---|---|---|
| १. | एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ | www.niblcapital.com |
| २. | बाराही हाइड्रोपावर पब्लिक कम्पनी लिमिटेड, बबरमहल, काठमाण्डौ | www.barahihydropower.com.np |

साथै, श्री नेपाल धितोपत्र बोर्डको वेबसाइटः www.sebon.gov.np बाट Download गरेर पनि प्राप्त गर्न सकिनेछ ।

| सि.नं. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान : |
|---|---|
| | आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने सम्बन्धी व्यवस्था : |
| १ | नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरू । |
| २ | आस्बा (ASBA) प्रणालीबाट आवेदन दिन असमर्थ भएका आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरूबाट भौतिक रुपमा दरखास्त फाराम लिने व्यवस्था गरिएको छ : |
| २.१ | एनएमबि बैंक लिमिटेड, शाखा कार्यालय :- कुश्मीसेरा शाखा, बाग्लुङ्ग । |
| २.२ | कुमारी बैंक लिमिटेड, शाखा कार्यालय :- राहाले, फलेवाश, पर्वत । |
| २.३ | ग्लोबल आईएमई बैंक लिमिटेड, शाखा कार्यालय :- कुश्मीसेरा शाखा, बाग्लुङ्ग । |
| २.४ | गरिमा विकास बैंक लिमिटेड, शाखा कार्यालय :- ट्राफिक चोक, बाग्लुङ्ग शाखा । |

**आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरीद गर्नका लागि प्रति दरखास्त फारम वापत रू. २/- (दुई रूपैयाँ) शुल्क बुझाउनु पर्नेछ ।**

**कम्पनीको नेटवर्थ सम्बन्धी विवरणः**

| विवरण | वास्तविक | | | अपरिष्कृत* | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | २०७९ आषाढ मसान्त | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| सञ्चित नाफा/नोक्सान (रू. हजारमा) | (६२,३५५) | (६२,१७०) | (५८,९१८) | (४७,७८१) | (३६,५५२) | (२२,८९८) | (७,९३२) |
| प्रति शेयर नेटवर्थ (रू.) | ५९.०० | ५९.९५ | ६४.९७ | ७३.४५ | ८५.३८ | ९०.८४ | ९६.८३ |
| प्रति शेयर आम्दानी (रू.) | (१५.२०) | ०.१२ | १.९३ | ६.१९ | ४.४९ | ५.४६ | ५.९९ |
| नेटवर्थमा प्रतिफल (%) | (२५.७६) | ०.२० | २.९७ | ८.४२ | ५.२६ | ६.०१ | ६.१८ |

नोट : आ. व. २०७७/७८ को प्रति शेयर नेटवर्थ गणना गर्दा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम पूनर्मूल्यांकन समावेश नगरिएको ।

**प्रति मेगावाट लागत सम्बन्धी विवरण :**

आयोजनाको प्रति मेगावाट लागत रू. २०८,१४५,९०१।०० रहेको छ ।

**विद्युत उत्पादन अनुमतिको बाँकी अवधि :**

अनुमतिपत्र बहाल रहने अवधि मिति २०७२/०३/२८ देखि २१०७/०३/२७ सम्म रहेकोले २८ वर्ष बाँकि रहेको छ ।

| | |
|---|---|
| साधारण लगानी फिर्ता हुने अवधिः | १० वर्ष ६ महिना |
| डिस्काउण्टमा लगानी फिर्ता हुने अवधिः | २० वर्ष ६ महिना |

**प्रति मेगावाट तथा कूल लागत सम्बन्धी विवरणः**

आयोजनाको प्रति मेगावाट लागत रू. २०८,१४५,९०१।०० र आयोजनाको कूल लागत (आयोजनाको व्यापारिक उत्पादन तथा पूँजीकृत गरिएको आ.व. २०७५/७६ सम्ममा): रू.३१,२२,१८,८५१।०० रहेको छ ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्थाः**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई "यस बाराही हाइड्रोपावर पब्लिक लिमिटेडलाई मिति २०७८/११/१३ मा **High Risk of Default regarding timely servicing of financial obligations)[ICRANP-IR] B- Pronounced as ICRA NP Issuer Rating B Minus**" प्रदान गरेको छ । उक्त रेटिङ्गको अवधि जारी मितिबाट एक वर्ष अर्थात २०७९/११/१२ सम्म रहनेछ । ईक्रा नेपाल लि. ले **[ICRANP-IR] AAA** देखि **[ICRANP-IR] D** सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड **[ICRANP-IR] AAA** ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा कम जोखिम अर्थात् उच्च सुरक्षित रहेको आधार जनाउँछ र **[ICRANP-IR] D** ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा बढी जोखिम रहेको जनाउँदछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । यसको अर्थ **[ICRANP -IR] B+** को स्थिती **[ICRANP -IR] B-** भन्दा एक चिन्ह माथि रहन्छ ।

| धितोपत्र निष्काशन बन्द हुने मिति : | २०७९/०७/२५ गते (बैंकिङ्ग समय पश्चात्) |
|---|---|

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रूपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०७९ आश्विन २७ गतेको **"कारोबार" राष्ट्रिय दैनिक**मा प्रकाशित आव्हान-पत्र वा निष्काशन कम्पनीको वेबसाइट www.barahihydropower.com.np तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइट www.niblcapital.com मा हेर्नुहुन अनुरोध गर्दछौं ।

NIBL ACE CAPITAL
Managing shares. Managing Investments.
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

**एनआईबिएल एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com

**मिति २०७९/०७/१८ गतेको कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित गरिने।**